
सरकारी कामकाजको भाषासम्बन्धी पूरक सिफारिसहरू

वि.सं. २०८०

भाषा आयोग

शङ्खमूल, काठमाडौं





सरकारी कामकाजको भाषासम्बन्धी पूरक सिफारिसहरू (२०८०)

प्रकाशक : भाषा आयोग

शङ्खमूल, काठमाडौं, नेपाल

फोन नं. : ०१-५२४२०४६, ५२४२२३१/२३३, ५२४२५३२/५३४

इमेल : language.commission2016@gmail.com

वेबसाइट : www.languagecommission.gov.np

सर्वाधिकार © भाषा आयोग

भाषा आयोग

(नेपालको संविधानको धारा २८७ अनुसार गठित)

शङ्खमूल,काठमाडौं

प.सं. ०८०/८१
च.नं....६४

मितिः २०८०।०६।१८

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।


विषयः सरकारी कामकाजको भाषासम्बन्धी पूरक सिफारिसहरू ।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा २८७ अनुसार गठन भएको भाषा आयोगले संविधानको धारा २८७(६) को खण्ड (क) र सो कार्य आयोग गठन भएको मितिले पाँच वर्ष भित्र(आयोगले) सम्पन्न गर्नेछ भनी संविधानको सोही उपधारा (७) मा उल्लेख भएअनुसार सरकारी कामकाजको भाषा सिफारिससम्बन्धी प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष संवत् २०७८ साल भाद्र २१मा पेस गरिसकेकै छ । उक्त सिफारिस २०६८ सालको राष्ट्रिय जनगणनाको भाषिक तथ्याङ्कमा आधारित भएको र २०७८ सालको राष्ट्रिय जनगणनाको भाषिक तथ्याङ्क आइसकेपछि सोहीअनुसार पुनरावलोकन र संशोधन हुनसक्ने गरी सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू वि.सं. २०७८ को खण्ड ११.४.५ मा आयोगको प्रतिबद्धता पनि जाहेर भएको छ। सोअनुसार नेपालको संविधानको धारा ७(३) र भाषा आयोग ऐन २०७४को दफा ३(ख)का आधारमा राष्ट्रिय जनगणना २०७८को भाषिक तथ्याङ्कअनुसार प्रतिवेदन पुनरावलोकन र संशोधन गरी आयोगले तयार पारेको सरकारी कामकाजको भाषासम्बन्धी पूरक सिफारिसहरू वि.सं. २०८० आयोगले संवत् २०७८ भाद्र २१ गते नेपाल सरकारसमक्ष पेस गरेको सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू २०७८ कै पूरकका रूपमा रहने गरी यसैसाथ संलग्न गरी पेस गरेको छु।

भवदीय,

डॉ. गोपाल ठाकुर
अध्यक्ष

फोन नं. ०१-५२४२२३३, ०१-५२४२५३४, ०१-५२४२०४६, इमेलः languagecommission2016@gmail.com
वेवसाइटः www.languagecommission.gov.np



नेपालको राष्ट्रिय गान

सयौँ थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली ।

प्रकृतिका कोटिकोटि सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

१. पृष्ठभूमि

नेपाल बहुभाषिक मुलुक हो । वि.सं.२०७८ को जनगणनाअनुसार नेपालमा १२४ भन्दा बढी भाषाहरू बोलिन्छन् । नेपालको संविधानको धारा २८७ मा भएको व्यवस्थाबमोजिम नेपाल सरकारबाट २०७३ साल भाद्र २३ गते भाषा आयोगको गठन गरिएको हो । संविधानको धारा २८७ को उपधारा (६) मा भाषा आयोगको काम, कर्तव्य र अधिकारअन्तर्गत खण्ड (क) मा सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी नेपाल सरकारसमक्ष भाषाको सिफारिस गर्ने कुरा उल्लेख भएको र सोही धाराको उपधारा (७)मा भाषा आयोगले उपधारा (६) को खण्ड (क) बमोजिमको कार्य आयोग गठन भएको मितिले पाँच वर्षभित्र सम्पन्न गर्ने भनी कार्यसीमासमेत निर्धारण भएको छ । संविधानको धारा ७ मा भएको व्यवस्थाअनुसार सरकारी कामकाजको भाषाअन्तर्गत उपधारा (१)मा देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ भन्ने कुरा उल्लेख छ भने सोही धाराको उपधारा (२)मा नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ भन्ने प्रावधान रहेको छ ।

साथै नेपालको संविधानको धारा ७ को उपधारा (३) ले भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ भनी आयोगलाई थप अधिकार प्रदान गरेको छ । भाषा आयोगलाई संविधानले प्रदान गरेको कार्य पूरा गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा सरकारी कामकाजको भाषाका सम्बन्धमा भाषिक समुदाय, भाषावैज्ञानिक एवम् सम्बद्ध सरोकारवालाहरूसितको सघन परामर्श, देशव्यापी अन्तरक्रिया र राष्ट्रिय, अन्तर्राष्ट्रिय अभ्यास एवम् अध्ययन, अनुसन्धानका आधारमा संविधानको धारा २८७ को उपधारा (६) को खण्ड (क) एवम् धारा ७ को उपधारा (३) बमोजिम भाषा आयोगले सरकारी कामकाजको भाषाका सम्बन्धमा नेपाल सरकारसमक्ष मिति २०७८/५/२१ मा भाषाहरूको सिफारिस गरिसकेको छ ।

उक्त सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू (२०७८) मा प्रदेशको सरकारी कामकाजको भाषाको कार्यान्वयनका सम्बन्धमा बुँदा ११.४.५ मा वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्कका आधारमा सिफारिसहरूको पुनरावलोकन र संशोधन हुन सक्ने भनी आयोगबाट प्रतिबद्धता जाहेर भएअनुसार हाल २०७८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्क सार्वजनिक भइसकेको र उक्त तथ्याङ्कअनुसार सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू (२०७८) को पुनरावलोकन र संशोधन गरी सरकारी कामकाजको भाषासम्बन्धी पूरक सिफारिसहरू २०८० नेपाल सरकारसमक्ष आयोगले पेस गरेको छ।

२. सरकारी कामकाजको भाषाका आधारहरूको निर्धारण

२.१ नेपालको सरकारी कामकाजको भाषाका सम्बन्धमा

नेपालको संविधानको धारा ७(१) ले देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ भनी नेपाली भाषालाई संवैधानिक मान्यता प्रदान गरिसकेको सन्दर्भमा नेपालको सरकारी कामकाजको भाषाका आधारहरूको निर्धारणका सम्बन्धमा आयोगले थप व्याख्या गरिरहनुपर्ने आवश्यक देखिएन । तर नेपालको संविधानको भाग-३ मा मौलिक हक र कर्तव्यअन्तर्गत धारा ३२ (१) ले प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हकको प्रत्याभूति गरेको र भाग-४ मा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वअन्तर्गत धारा ५१ को उपधारा (ग) (७) ले सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीतिअन्तर्गत बहुभाषिक नीति अवलम्बन गर्ने कुरा सुनिश्चित गरेको सन्दर्भमा धारा ७ (१) मा उल्लेख भएको नेपालको सरकारी कामकाजको नेपाली भाषा र नेपालमा बोलिने अन्य राष्ट्रभाषाहरूलाई सङ्घ, प्रदेश र स्थानीय तहमा संविधानसम्मत स्थान प्रदान गरिनुपर्ने हुन्छ।

२.२ प्रदेशको सरकारी कामकाजको भाषाका सम्बन्धमा

नेपालको संविधानको धारा ७(२) बमोजिम प्रदेशले नेपाली भाषाका अतिरिक्त आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने गरी संविधानमा भएको व्यवस्थाको कार्यान्वयनका लागि सम्बन्धित प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन धारा २८७ को उपधारा (६) को खण्ड (क) बमोजिम पूरा गर्नुपर्ने आधारहरू निर्धारण गरी आयोगले मिति २०७८ भाद्र २१ मा नेपाल सरकारसमक्ष निम्नानुसार सिफारिस गरेको छः

१) अधिक जनसङ्ख्याको आधार
२) स्तरगत भाषा योजनाको सैद्धान्तिक आधार
३) लेखन प्रणालीको आधार
४) अभिलेखनको आधार
५) आधारभूत सेवामा प्रयोगको आधार
६) शिक्षाको माध्यम भाषाको आधार
७) वक्ताहरूको सघनता र विस्तारको आधार
८) भाषाको जीवन्तताको आधार
९) सञ्चारमा प्रयोगको आधार
१०) प्रविधिउन्मुख भाषाको आधार
११) भाषाका वक्ता र भाषिक समुदायको आधार

सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस २०७८ र राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कसम्बन्धमा यस आयोगमा छलफल हुँदा सरकारी कामकाजको भाषासम्बन्धी

सिफारिसहरू २०७८ को प्रतिवेदन राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कमा आधारित रहेको छ । हाल राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कसमेत प्रकाशित भइसकेको एवम् सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू २०७८ मा राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कको आधारमा भाषासम्बन्धी सिफारिसहरूमा पुनरवलोकन तथा संशोधन हुनसक्ने भनी उल्लेख भएको सन्दर्भमा प्रदेशमा सरकारी कामकाजको भाषा सिफारिस सम्बन्धमा विगतका आधारसमेत लिई प्रदेशगतरूपमा १% भन्दा माथि वक्ता भएका भाषाहरूमध्येबाट न्यूनतम २ ओटा भाषा वा ६ प्रतिशत र सोभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरूलाई सरकारी कामकाजको भाषाका रूपमा सिफारिस गर्ने मिति २०८०।०६।०७ मा यस आयोगबाट निर्णय भएको छ। यसबमोजिम भाषा आयोगको सरकारी कामकाजको भाषासम्बन्धी साविक सिफारिसहरू २०७८ ले अवलम्बन गरेका आधारहरूमा थप आधार प्रदेशमा न्यूनतम दुई ओटा भाषा वा ६ प्रतिशत र सोभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू भन्ने भएको छ ।

सरकारी कामकाजको भाषासम्बन्धी आयोगको २०७८।०५।२१ को सिफारिसमा भएको पुनरवलोकन र संशोधनसम्बन्धी व्यवस्थाअनुसार राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कबमोजिम आयोगको मिति २०८०।०६।०७ गतेको वैठकको निर्णय बमोजिमको उपर्युक्त आधारलाई लिई सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसको तपसिल बमोजिम पुनरावलोकन र संशोधन गर्ने विषयमा आयोग २०८०।०६।०९ को बैठकबाट निर्णय भएको छ :

३. सरकारी कामकाजको भाषा सिफारिसको पुनरवलोकन र संशोधन

प्रदेश तहमा सरकारी कामकाजको भाषा सम्बन्धमा संविधानको धारा ७ को उपधारा २ मा नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी राष्ट्रभाषाहरूलाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ। भाषा आयोगले संविधानको धारा २८७ को उपधारा ६(क) र ७ अनुसार प्रदेशभित्र १ प्रतिशत वा सोभन्दा माथि वक्ता रहेका राष्ट्रभाषाहरूमध्ये सबैभन्दा बढी जनसङ्ख्या भएका भाषाहरूबाट बढीमा ३ ओटासम्म राष्ट्रभाषाहरूलाई प्रदेशको सरकारी कामकाजको भाषा तोक्न २०७८ भाद्र २१ गते नेपाल सरकारलाई सिफारिस गरेको छ। यससम्बन्धी सिफारिसको बुँदा ११.४.५ अनुसार वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्कका आधारमा सिफारिसहरूको पुनरवलोकन र संशोधन हुन सक्ने प्रतिबद्धता पनि नेपाल सरकारलाई जाहेर गरिसकेको छ । यस सन्दर्भमा २०७८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्क प्राप्त भई भाषा आयोगले त्यसको सूक्ष्म विश्लेषण गर्दा विदेशमा उत्पत्ति भएका र नेपालमा अति कम वक्ता भएका केही भाषाहरूलाई अन्य समूहमा राखिएको, केही थप भाषाहरू नेपालका मातृभाषाहरूको रूपमा सामेल भएको र केही भाषाहरूको नाममा वर्णात्मक परिवर्तन देखि स्पष्टताका लागि विशेषण पनि थपिएको पाइयो।

राष्ट्रिय जनगणना २०७८ को मातृभाषाअनुसारको जनसङ्ख्याको भाषिक तथ्याङ्कको प्रदेशगत विश्लेषण गर्दा, १ प्रतिशतभन्दा माथि वक्ता सङ्ख्या भएका राष्ट्रभाषाहरूको अवस्था तलको तालिकामा देखाइएको छः

तालिका १

प्रदेशगत रूपमा एक प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू

क्र.स.	**कोशी**	**मधेश**	**बागमती**	**गण्डकी**	**लुम्बिनी**	**कर्णाली**	**सुदूरपश्चिम**
१	नेपाली ४५.२७%	मैथिली ४१.७३%	नेपाली ५६.०४%	नेपाली ७३.३९%	नेपाली ५०.८५%	नेपाली ८८.८५%	नेपाली ४२.४४%
२	मैथिली ११.६८%	भोजपुरी १८.८१%	तामाङ १७.९९%	मगर ढुट ९.६०%	अवधी १६.७०%	खस ६.३४%	डोटेली १८.०७%
३	याक्थुङ/लिम्बू ६.७०%	बज्जिका १८.४४%	नेपाल भाषा (नेवारी) ११.८२%	गुरुङ ८.४४%	थारू १३.५९%	मगर ढुट १.६०%	थारू १४.८०%
४	थारू ४.४०%	नेपाली ५.७६%	मगर ढुट २.४०%	थारू १.७४%	भोजपुरी १०.९७%		बैतडेली ५.६२%
५	तामाङ ३.५४%	थारू ४.१७%	थारू १.५६%	नेपाल भाषा (नेवारी) १.५३%	मगर ढुट ३.८१%		अछामी ५.१४%
६	मगर ढुट २.८८%	उर्दू ४.०८%	मैथिली १.२५%	तामाङ १.३६%	मगर खाम १.१५%		बझाङ्गी ३.६९%
७	बान्तवा २.७०%	मगही ३.५२%	भोजपुरी १.१४%				राना थारू २.८८%
८	राजवंशी २.५८%	तामाङ १.६५%	गुरुङ १.११%				बाजुरेली २.०९%
९	उर्दू २.३२%						दार्चुलेली १.६९%
१०	राई १.८५%						
११	चाम्लिङ १.६७%						
१२	शेर्पा १.३२%						
१३	नेपाल भाषा (नेवारी) १.२६%						
१४	सन्थाली १.०८%						

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

उपर्युक्त तालिका हेर्दा नेपाली भाषासहित एक प्रतिशत र सोभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरूको सङ्ख्या कोशी प्रदेशमा १४, मधेश प्रदेश र बागमती प्रदेशमा ८-८, गण्डकी र लुम्बिनी प्रदेशमा ६-६, कर्णाली प्रदेशमा ३, र सुदूरपश्चिम प्रदेशमा ९ रहेको देखिन्छ। मातृभाषाअनुसारको जनसङ्ख्याको समग्र विवरण अनुसूची १ मा दिइएको छ । यस्तै मातृभाषाअनुसारको जनसङ्ख्याको प्रदेशगत विवरण अनुसूची २ मा समावेश गरिएको छ ।

भाषा आयोगबाट संवत् २०७८ भाद्र २१ मा नेपाल सरकार समक्ष भएको सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू सम्बन्धमा तोकिएको आधारमा नेपालको संविधानको धारा ७ को उपधारा ३ र भाषा आयोग ऐन, २०७४ को दफा ३(ख) अनुसार सो सिफारिसको पुनरवलोकन र संशोधनका लागि राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कको आधारमा भाषासम्बन्धी सिफारिसहरूमा आयोगले अवलम्वन गरेका विगतका आधारसमेत लिई नेपाली भाषाका अतिरिक्त न्यूनतम २ ओटा भाषा वा ६ प्रतिशत र सोभन्दा बढी वक्ता भएका भाषाहरूलाई सरकारी कामकाजको भाषाका रूपमा सिफारिस गर्ने भनी भाषा आयोगले मिति २०८०/६/७ को बैठकबाट निर्णय गरेको छ ।

आयोगको मिति २०८०।६।७ को बैठकको निर्णयलाई आधार मानी प्रदेशगत रूपमा राष्ट्रिय जनगणना २०७८को भाषिक तथ्याङ्कअनुसार भाषा आयोगले आफ्ना विगतको सिफारिसलाई पुनरवलोकन र संशोधन गरी निम्नानुसारका राष्ट्रभाषाहरूलाई प्रदेशगत रूपमा सरकारी कामकाजको भाषा तोक्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने निर्णय गरेको छः

क) कोशी प्रदेशमा भाषा आयोगको मिति २०७८/५/२१ को सिफारिसमा नेपाली भाषाका अतिरिक्त सबैभन्दा बढी वक्ता प्रतिशत भएका मैथिली र लिम्बू भाषालाई कोशी प्रदेशको सरकारी कामकाजको भाषा तोक्न सिफारिस गरेको र राष्ट्रिय जनगणना २०७८ को भाषिक तथ्याङ्कअनुसार यिनै दुई भाषा नेपाली भाषाका अतिरिक्त सबैभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाका रूपमा देखिएकाले मैथिली (११.६८%) र याक्थुङ/लिम्बू (६.७०%) भाषा कोशी प्रदेशमा सरकारी कामकाजको रूपमा रहने आयोगको साबिक सिफारिस यथावत् रहेको छ ।

ख) मधेश प्रदेशमा भाषा आयोगको मिति २०७८/५/२१ को सिफारिसमा नेपाली भाषाका अतिरिक्त सबैभन्दा बढी वक्ता प्रतिशत भएका मैथिली, भोजपुरी र बज्जिका भाषालाई प्रदेशको सरकारी कामकाजको भाषा तोक्न सिफारिस भएको र राष्ट्रिय जनगणना २०७८ को भाषिक तथ्याङ्कअनुसार मैथिली (४१.७३%), भोजपुरी (१८.८१%) र बज्जिका (१८.४४%) भाषा उपर्युक्त आधारहरू पूरा गर्ने भएकाले मधेश प्रदेशमा भाषा आयोगको साबिक सिफारिस यथावत् रहेको छ।

ग) बाग्मती प्रदेशमा भाषा आयोगको मिति २०७८/५/२१ को सिफारिसमा नेपाली भाषाका अतिरिक्त सबैभन्दा बढी वक्ता प्रतिशत भएका तामाङ र नेवार भाषा(नेपाल भाषा)लाई प्रदेशको सरकारी कामकाजको भाषा तोक्न सिफारिस गरेको र राष्ट्रिय जनगणना २०७८

को भाषिक तथ्याङ्कअनुसार तामाङ भाषा (१७.९९%) र नेपाल भाषा(नेवारी) (११.८२%) नै सबैभन्दा बढी वक्ता प्रतिशत भएको भाषा रहेकाले बाग्मती प्रदेशमा भाषा आयोगको साबिक सिफारिस यथावत् रहेको छ।

घ) गण्डकी प्रदेशमा भाषा आयोगको मिति २०७८/५/२१ को सिफारिसमा नेपाली भाषाका अतिरिक्त सबैभन्दा बढी वक्ता प्रतिशत भएका मगर, गुरुङ र भोजपुरी भाषालाई प्रदेशको सरकारी कामकाजको भाषा तोक्न सिफारिस भएकोमा राष्ट्रिय जनगणना २०७८ को भाषिक तथ्याङ्कअनुसार मगर ढुट (९.६०%) र गुरुङ भाषा (८.४४%) सबैभन्दा बढी वक्ता प्रतिशत भएको तर भोजपुरी भाषाको वक्ता प्रतिशत ०.६१% रहेकोले गण्डकी प्रदेशमा मगर ढुट (९.६०%) र गुरुङ (८.४४%) भाषा मात्र कायम रहने सिफारिस गरिएको छ। यसबाट आयोगको साविकको सिफारिस संशोधन भएको छ।

ङ) लुम्बिनी प्रदेशमा भाषा आयोगको मिति २०७८/५/२१ को सिफारिसमा नेपाली भाषाका अतिरिक्त सबैभन्दा बढी वक्ता प्रतिशत भएका थारू र अवधी भाषालाई प्रदेशको सरकारी कामकाजको भाषा तोक्न सिफारिस भएकोमा राष्ट्रिय जनगणना २०७८ को भाषिक तथ्याङ्कअनुसार अवधी (१६.७०%), थारू (१३.५९%) र भोजपुरी (१०.९७%) भाषाहरू उपर्युक्त आधार पूरा गर्ने देखिएकाले लुम्बिनी प्रदेशमा भाषा आयोगको साबिक सिफारिसमा परेका अवधी र थारू यथावत् रही भोजपुरी भाषा थप सिफारिस गरिएको छ। यसबाट आयोगको साविकको सिफारिस संशोधन भएको छ।

च) कर्णाली प्रदेशमा भाषा आयोगको मिति २०७८/५/२१ को सिफारिसमा नेपालीका अतिरिक्त १ प्रतिशतभन्दा माथि वक्ता भएको एक मात्र मगर भाषा भएकोले त्यसलाई मात्र प्रदेशको सरकारी कामकाजको भाषा तोक्न सिफारिस भएकोमा राष्ट्रिय जनगणना २०७८ को भाषिक तथ्याङ्कअनुसार खस (६.३४%) र मगर ढुट (१.६०%) भाषाहरूले उपर्युक्त आधारहरू पूरा गरेकाले कर्णाली प्रदेशमा खस भाषा र मगर ढुटलाई सरकारी कामकाजको भाषाको रूपमा सिफारिस गरिएको छ । यसबाट आयोगको साविकको सिफारिस संशोधन भएको छ।

छ) सुदूरपश्चिम प्रदेशमा भाषा आयोगको मिति २०७८/५/२१ को सिफारिसमा नेपाली भाषाका अतिरिक्त सबैभन्दा बढी वक्ता प्रतिशत भएका डोटेली र थारू भाषालाई सुदूरपश्चिम प्रदेशको सरकारी कामकाजको भाषा तोक्न सिफारिस भएको र राष्ट्रिय जनगणना २०७८ को भाषिक तथ्याङ्कअनुसार डोटेली भाषा (१८.०७%) र थारू भाषा (१४.८०%) लाई नेपाली भाषाका अतिरिक्त सबैभन्दा बढी वक्ता प्रतिशत भएका भाषाको रूपमा देखिएकाले सुदूरपश्चिम प्रदेशमा भाषा आयोगको साबिक सिफारिस यथावत् रहेको छ ।

नेपाली भाषाका अतिरिक्त प्रदेशमा सरकारी कामकाजको भाषा तोक्न सिफारिस गरिएका उपर्युक्त राष्ट्रभाषाहरूलाई नेपालको संविधानको प्रास्तावना, धारा ३ र धारा ५१(ग)(७) को मर्मअनुरुप

हुन नेपालको संविधानको धारा ७ को उपधारा १ लाई संशोधन गरी भाषासम्बन्धी सङ्घीय कानुन बनाई कार्यान्वयनमा ल्याउनु पर्ने देखिएको छ ।

प्रदेश तहमा सरकारी कामकाजको भाषाको रूपमा नेपाली भाषाका अतिरिक्त उक्त प्रदेशभित्र सबैभन्दा बढी वक्ता सङ्ख्याले बोल्ने कम्तीमा दुई भाषा वा ६ प्रतिशत र सोभन्दा बढी वक्ताले बोल्ने भाषाहरूलाई सिफारिस गरिएको छ भने प्रदेशमा बोलिने बाँकी भाषाहरूको सन्दर्भमा भाषा योजना बनाई सरकारी कामकाजको रूपमा भाषाका रूपमा कार्य विस्तार गर्न निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषाको मान्यता पाउने गरी भाषा आयोगले नेपाल सरकारलाई मिति २०७८/५/२१ मा गरेका सिफारिसहरूलाई कायम गरिएको छ।

स्थानीय तह गाउँपालिका तथा नगरपालिकाहरूमा सरकारी कामकाजको भाषा प्रयोगसम्बन्धमा आयोगको साविक सिफारिस यथावत रहेको छ ।

यस प्रतिवेदन बमोजिम संशोधित सिफारिसहरू भाषा आयोगले संवत् २०७८ भाद्र २१ गते नेपाल सरकारसमक्ष पेस गरेको सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू २०७८ कै पूरक रूपमा रहने छन् ।

अनुसूची : १
मातृभाषाअनुसार जनसङ्ख्या, राष्ट्रिय जनगणना, २०७८

क्र.स.	मातृभाषा	जनसङ्ख्या	प्रतिशत
१	नेपाली	१३०८४४५७	४४.८६
२	मैथिली	३२२२३८९	११.०५
३	भोजपुरी	१८२०७९५	६.२४
४	थारू	१७१४०९१	५.८८
५	तामाङ	१४२३०७५	४.८८
६	बज्जिका	११३३७६४	३.८९
७	अवधी	८६४२७६	२.९६
८	नेपाल भाषा(नेवारी)	८६३३८०	२.९६
९	मगर ढुट	८१०३१५	२.७८
१०	डोटेली	४९४८६४	१.७
११	उर्दु	४१३७८५	१.४२
१२	याक्थुङ/लिम्बू	३५०४३६	१.२
१३	गुरूङ	३२८०७४	१.१२
१४	मगही	२३०११७	०.७९
१५	बैतडेली	१५२६६६	०.५२
१६	राई	१४४५१२	०.५
१७	अछामी	१४१४४४	०.४८
१८	बान्तावा	१३८००३	०.४७
१९	राजवंशी	१३०१६३	०.४५
२०	शेर्पा	११७८९६	०.४
२१	खस	११७५११	०.४
२२	बझाङ्गी	९९६३१	०.३४
२३	हिन्दी	९८३९९	०.३४
२४	मगर खाम	९१७५३	०.३१
२५	चाम्लिङ	८९०३७	०.३१
२६	राना थारू	७७७६६	०.२७
२७	चेपाङ	५८३९२	०.२
२८	बाजुरेली	५६४८६	०.१९
२९	सन्थाली	५३६७७	०.१८
३०	दनुवार	४९९९२	०.१७
३१	दार्चुलेली	४५६४९	०.१६
३२	उराउँ/कुडुख	३८८७३	०.१३
३३	कुलुङ	३७९१२	०.१३
३४	अङ्गिका	३५९५२	०.१२
३५	माझी	३२९१७	०.११
३६	सुनुवार	३२७०८	०.११

क्र.स.	मातृभाषा	जनसङ्ख्या	प्रतिशत
३७	थामी	२६८०५	०.०९
३८	गनगाई	२६२८१	०.०९
३९	थुलुङ	२४४०५	०.०८
४०	बङ्गला	२३७७४	०.०८
४१	घले	२३०४९	०.०८
४२	साम्पाङ	२१५९७	०.०७
४३	मारवाडी	२१३३३	०.०७
४४	डडेलधुरी	२१३००	०.०७
४५	धिमाल	२०५८३	०.०७
४६	ताजपुरिया	२०३४९	०.०७
४७	कुमाल	१८४३५	०.०६
४८	खालिङ	१६५१४	०.०६
४९	मुसलमान	१६२५२	०.०६
५०	वाम्बुले	१५२८५	०.०५
५१	बाहिङ/बायुङ	१४४४९	०.०५
५२	याक्खा	१४२४१	०.०५
५३	संस्कृत	१३९०६	०.०५
५४	भुजेल	१३०८६	०.०४
५५	भोटे	१२८९५	०.०४
५६	दरई	१२१५६	०.०४
५७	याम्फु/याम्फे	१०७४४	०.०४
५८	नाछिरिङ	९९०६	०.०३
५९	ह्योल्मो/योल्मो	९६५८	०.०३
६०	दुमी	८६३८	०.०३
६१	जुम्ली	८३३८	०.०३
६२	बोटे	७६८७	०.०३
६३	मेवाहाङ	७४२८	०.०३
६४	पुमा	६७६३	०.०२
६५	पहरी	५९४६	०.०२
६६	आठपहरिया	५५८०	०.०२
६७	दुङमाली	५४०३	०.०२
६८	जिरेल	५१६७	०.०२
६९	तिब्बती	५०५३	०.०२
७०	दैलेखी	४९८९	०.०२
७१	चुम/नुब्री	४२८४	०.०१
७२	छन्त्याल	४२८२	०.०१

क्र.स.	मातृभाषा	जनसङ्ख्या	प्रतिशत
७३	राजी	४२४७	०.०१
७४	थकाली	४२२०	०.०१
७५	मेचे	४२०३	०.०१
७६	कोयी	४१५२	०.०१
७७	लोहोरूङ	३८८४	०.०१
७८	केवरत	३४६९	०.०१
७९	डोल्पाली	३२४४	०.०१
८०	डोने	३१००	०.०१
८१	मुगाली	२८३४	०.०१
८२	जेरो/जेरूङ	२८१७	०.०१
८३	कर्मारोङ	२६१९	०.०१
८४	छिन्ताङ	२५६४	०.०१
८५	ल्होपा	२३४८	०.०१
८६	लाप्चा	२२४०	०.०१
८७	मुन्डा/मुडियारी	२१०७	०.०१
८८	मनाङे	२०२२	०.०१
८९	छिलिङ	२०११	०.०१
९०	दुरा	१९९१	०.०१
९१	तिलुङ	१९६९	०.०१
९२	साङ्केतिक भाषा	१७८४	०.०१
९३	व्याँसी	१७०६	०.०१
९४	बालकुरा/बराम	१५३९	०.०१
९५	बारागुङवा	१५३६	०.०१
९६	साद्री	१३४७	०
९७	अङ्ग्रेजी	१३२३	०
९८	मगर काइके	१२२५	०
९९	सोनहा	११८२	०
१००	हायु/वायु	११३३	०

क्र.स.	मातृभाषा	जनसङ्ख्या	प्रतिशत
१०१	किसान	१००४	०
१०२	पन्जाबी	८७१	०
१०३	धुलेली	७८६	०
१०४	खाम्ची(राउटे)	७४१	०
१०५	लुङखिम	७०२	०
१०६	लोवा	६२४	०
१०७	कागते	६११	०
१०८	वालिङ/वालुङ	५४५	०
१०९	नार-फु	४२८	०
११०	ल्होमी	४१३	०
१११	तिछुरोङ पोइके	४१०	०
११२	कुर्माली	३९७	०
११३	कोचे	३३२	०
११४	सिन्धी	२९१	०
११५	फाङदुवाली	२४७	०
११६	बेलहारे	१७७	०
११७	सुरेल	१७४	०
११८	मालपाँडे	१६१	०
११९	खरिया	१३२	०
१२०	सधनी	१२२	०
१२१	हरियान्वी	११४	०
१२२	साम	१०६	०
१२३	बनकरिया	८६	०
१२४	कुसुन्डा	२३	०
	अन्य	४२०१	०.०१
	उल्लेख नभएका	३४६	०
	सबै मातृभाषाहरू	२९१६४५७८	१००

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

अनुसूची : २

मातृभाषाअनुसार बोलिने भाषाहरू समग्र तथा प्रदेशगत अवस्था, राष्ट्रिय जनगणना २०७८

क्र.स.	मातृभाषा	नेपालको जनसङ्ख्या	प्रतिशत	कोशी प्रदेश, जनसङ्ख्या	कोशी %	मधेश प्रदेश, जनसङ्ख्या	मधेश %	बागमती प्रदेश, जनसङ्ख्या	बागमती %	गण्डकी प्रदेश, जनसङ्ख्या	गण्डकी %	लुम्बिनी प्रदेश, जनसङ्ख्या	लुम्बिनी %	कर्णाली प्रदेश, जनसङ्ख्या	कर्णाली, %	सुदूरपश्चिम प्रदेश, जनसङ्ख्या	सुदूरपश्चिम, %
	सबै मातृभाषाहरू	२९१६४५७८	१००	४९६१४१२	१००	६११४६००	१००	६११६८६६	१००	२४६६४२७	१००	५१२२०७८	१००	१६८८४१२	१००	२६९४७८३	१००
१	नेपाली	१३०८४४५७	४४.८६	२२४६०२७	४५.२७	३५२१०९	५.७६	३४२७९८१	५६.०४	१८१०००३	७३.३९	२६०४६१४	५०.८५	१५००१६१	८८.८५	११४३५६२	४२.४४
२	मैथिली	३२२२३८९	११.०५	५७९३४७	११.६८	२५५१९१७	४१.७३	७६४५५	१.२५	३६४२	०.१५	५७६१	०.११	६३२	०.०४	४६३५	०.१७
३	भोजपुरी	१८२०७९५	६.२४	२२०९८	०.४५	११४९९६२	१८.८१	६९७६३	१.१४	१५०९०	०.६१	५६२०६२	१०.९७	५५७	०.०३	१२६३	०.०५
४	थारू	१७१४०९१	५.८८	२१८५३४	४.४०	२५४६८५	४.१७	९५४२३	१.५६	४२७९५	१.७४	६९५९४९	१३.५९	७७९१	०.४६	३९८९१४	१४.८०
५	तामाङ	१४२३०७५	४.८८	१७५४४५	३.५४	१००६६९	१.६५	११००४४२	१७.९९	३३४७१	१.३६	३८८४	०.०८	१३२७	०.०८	७८३७	०.२९
६	बज्जिका	११३३७६४	३.८९	५७५	०.०१	११२७२५५	१८.४४	४८०७	०.०८	८३०	०.०३	२१०	०.००	२१	०.००	६६	०.००
७	अवधी	८६४२७६	२.९६	९९४	०.०२	१०२२	०.०२	२३५७	०.०४	८७५	०.०४	८५५२६४	१६.७०	५२३	०.०३	३२४१	०.१२
८	नेपाल भाषा(नेवारी)	८६३३८०	२.९६	६२७४१	१.२६	१२७९०	०.२१	७२२९४३	११.८२	३७८०१	१.५३	२४५६०	०.४८	६२९	०.०४	१९१६	०.०७
९	मगर ढुट	८१०३१५	२.७८	१४३११७	२.८८	४४३८५	०.७३	१४६७३८	२.४०	२३६७२९	९.६०	१९४९४८	३.८१	२७०७२	१.६०	१७३२६	०.६४
१०	डोटेली	४९४८६४	१.७	२०२	०.००	१४२	०.००	६३६१	०.१०	२१५	०.०१	४३०	०.०१	६४६	०.०४	४८६८६८	१८.०७
११	उर्दु	४१३७८५	१.४२	११४९९४	२.३२	२४९६१४	४.०८	३९४९	०.०६	१०६६	०.०४	४३६८८	०.८५	१८२	०.०१	२९२	०.०१
१२	याक्थुङ/लिम्बू	३५०४३६	१.२	३३२५१२	६.७०	२१७	०.००	१६६७४	०.२७	६३२	०.०३	२१२	०.००	६१	०.००	१२८	०.००

क्र.स.	मातृभाषा	नेपालको जनसङ्ख्या	प्रतिशत	कोशी प्रदेश, जनसङ्ख्या	कोशी %	मधेश प्रदेश, जनसङ्ख्या	मधेश %	बागमती प्रदेश, जनसङ्ख्या	बागमती %	गण्डकी प्रदेश, जनसङ्ख्या	गण्डकी %	लुम्बिनी प्रदेश, जनसङ्ख्या	लुम्बिनी %	कर्णाली प्रदेश, जनसङ्ख्या	कर्णाली, %	सुदूरपश्चिम प्रदेश, जनसङ्ख्या	सुदूरपश्चिम, %
१३	गुरूङ	३२८०७४	१.१२	२७३९०	०.५५	१३३४	०.०२	६७८९३	१.११	२०८०८८	८.४४	२०२६३	०.४०	१५१६	०.०९	१५९०	०.०६
१४	मगही	२३०११७	०.७९	१४५०२	०.२९	२१५२३६	३.५२	३३५	०.०१	१८	०.००	११	०.००			१२	०.००
१५	बैतडेली	१५२६६६	०.५२	२८९	०.०१			३६५	०.०१	१५४	०.०१	१५६	०.००	१२३	०.०१	१५१५७१	५.६२
१६	राई	१४४५१२	०.५	९१७४६	१.८५	४६७६	०.०८	४४४०९	०.७३	२७०६	०.११	४२८	०.०१	११७	०.०१	४३०	०.०२
१७	अछामी	१४१४४४	०.४८	२५	०.००	११	०.००	२१९	०.००			१५१८	०.०३	११९६	०.०७	१३८४७४	५.१४
१८	बान्तवा	१३८००३	०.४७	१३३७४५	२.७०	८९	०.००	३९४०	०.०६	१६७	०.०१	४०	०.००			१८	०.००
१९	राजवंशी	१३०१६३	०.४५	१२८१८९	२.५८	९६	०.००	१०१२	०.०२	३०४	०.०१	४३०	०.०१	१४	०.००	११८	०.००
२०	शेर्पा	११७८९६	०.४	६५३९९	१.३२	३२	०.००	५१२१२	०.८४	५१२	०.०२	१६८	०.००	४८६	०.०३	८७	०.००
२१	खस	११७५११	०.४	६३७	०.०१	५५६	०.०१	१६२७	०.०३	२३४२	०.०९	२६८२	०.०५	१०७०८४	६.३४	२५८३	०.१०
२२	बझाङ्गी	९९६३१	०.३४	१२	०.००	२६	०.००	२०४	०.००			३४	०.००	१४	०.००	९९३३४	३.६९
२३	हिन्दी	९८३९९	०.३४	१६४४०	०.३३	१४२३२	०.२३	२५३६८	०.४१	५५७३	०.२३	२७७९२	०.५४	१२०४	०.०७	७७९०	०.२९
२४	मगर खाम	९१७५३	०.३१	१८३	०.००	२८८	०.००	१४५७	०.०२	८०३०	०.३३	५९१०४	१.१५	१३५३५	०.८०	९१५६	०.३४
२५	चाम्लिङ	८९०३७	०.३१	८२६४०	१.६७	५४४	०.०१	५६१५	०.०९	१६२	०.०१	३५	०.००			३८	०.००
२६	राना थारू	७७७६६	०.२७					३१	०.००							७७७२७	२.८८
२७	चेपाङ	५८३९२	०.२	१५	०.००	२१६	०.००	५४८८९	०.९०	३२०९	०.१३	५८	०.००				
२८	बाजुरेली	५६४८६	०.१९					३०	०.००			३०	०.००	२४	०.००	५६३९६	२.०९

क्र.स.	मातृभाषा	नेपालको जनसङ्ख्या	प्रतिशत	कोशी प्रदेश, जनसङ्ख्या	कोशी %	मधेश प्रदेश, जनसङ्ख्या	मधेश %	बागमती प्रदेश, जनसङ्ख्या	बागमती %	गण्डकी प्रदेश, जनसङ्ख्या	गण्डकी %	लुम्बिनी प्रदेश, जनसङ्ख्या	लुम्बिनी %	कर्णाली प्रदेश, जनसङ्ख्या	कर्णाली, %	सुदूरपश्चिम प्रदेश, जनसङ्ख्या	सुदूरपश्चिम, %
२९	सन्थाली	५३६७७	०.१८	५३४३८	१.०८	३७	०.००	१५०	०.००			३५	०.००				
३०	दनुवार	४९९९२	०.१७	८२२४	०.१७	८५३०	०.१४	३३१९८	०.५४	१७	०.००					१०	०.००
३१	दार्चुलेली	४५६४९	०.१६	५१	०.००			२७	०.००							४५५६२	१.६९
३२	उराउँ/कुडुख	३८८७३	०.१३	३३२८४	०.६७	५२९६	०.०९	१६६	०.००							११४	०.००
३३	कुलुङ	३७९१२	०.१३	३६३७२	०.७३			१४५५	०.०२	७६	०.००						
३४	अङ्गिका	३५९५२	०.१२	३५९०३	०.७२	१२	०.००	२८	०.००								
३५	माझी	३२९१७	०.११	१३०६८	०.२६	४७३६	०.०८	१३२०८	०.२२	१२३६	०.०५	५१३	०.०१	३३	०.००	१२३	०.००
३६	सुनुवार	३२७०८	०.११	१३४५९	०.२७	७६१	०.०१	१८१५१	०.३०	२०६	०.०१	४४	०.००	१३	०.००	७४	०.००
३७	थामी	२६८०५	०.०९	१२३७	०.०२	३९५	०.०१	२५०८२	०.४१	३९	०.००	२७	०.००			१९	०.००
३८	गनगाई	२६२८१	०.०९	२६२१७	०.५३			४०	०.००							१५	०.००
३९	थुलुङ	२४४०५	०.०८	२२४०९	०.४५	५६	०.००	१८६२	०.०३	६०	०.००	११	०.००				०.००
४०	बङ्गला	२३७७४	०.०८	१६९६२	०.३४	८३१	०.०१	४२११	०.०७	७२७	०.०३	९०७	०.०२			१२९	०.००
४१	घले	२३०४९	०.०८	१४३१	०.०३	२५८	०.००	१३२०३	०.२२	७९९७	०.३२	५६	०.००	८९	०.०१	१५	०.००
४२	साम्पाङ	२१५९७	०.०७	२०६८७	०.४२	२२	०.००	८०६	०.०१	१९	०.००	४५	०.००			१३	०.००
४३	मारवाडी	२१३३३	०.०७	१०२४२	०.२१	३९२६	०.०६	६०५५	०.१०	१३०	०.०१	८७२	०.०२	१५	०.००	९३	०.००
४४	डडेलधुरी	२१३००	०.०७													२१२८९	०.७९

क्र.स.	मातृभाषा	नेपालको जनसङ्ख्या	प्रतिशत	कोशी प्रदेश, जनसङ्ख्या	कोशी %	मधेश प्रदेश, जनसङ्ख्या	मधेश %	बागमती प्रदेश, जनसङ्ख्या	बागमती %	गण्डकी प्रदेश, जनसङ्ख्या	गण्डकी %	लुम्बिनी प्रदेश, जनसङ्ख्या	लुम्बिनी %	कर्णाली प्रदेश, जनसङ्ख्या	कर्णाली, %	सुदूरपश्चिम प्रदेश, जनसङ्ख्या	सुदूरपश्चिम, %
४५	धिमाल	२०५८३	०.०७	२००२२	०.४०	२४	०.००	४९४	०.०१	१२	०.००	२४	०.००				
४६	ताजपुरिया	२०३४९	०.०७	२०१६७	०.४१			१६७	०.००								
४७	कुमाल	१८४३५	०.०६	१०८४	०.०२	४९	०.००	५२०४	०.०९	६०२७	०.२४	५७८६	०.११	१६	०.००	२६९	०.०१
४८	खालिङ	१६५१४	०.०६	१५३२६	०.३१	१०	०.००	११५७	०.०२	११	०.००						
४९	मुसलमान	१६२५२	०.०६	७७७४	०.१६	४४०३	०.०७	६६८	०.०१	१८३६	०.०७	१०९८	०.०२	५१	०.००	४२२	०.०२
५०	वाम्बुले	१५२८५	०.०५	१३२१६	०.२७	२४५	०.००	१७१८	०.०३	८२	०.००	१८	०.००				
५१	बाहिङ/बायुङ	१४४४९	०.०५	१३२१९	०.२७	४८	०.००	११३२	०.०२	३९	०.००						
५२	याक्खा	१४२४१	०.०५	१३६३९	०.२७	५६३	०.०१	५६१	०.०१	१३	०.००						
५३	संस्कृत	१३९०६	०.०५	४४३३	०.०९			३१८३	०.०५	२९२४	०.१२	१९६४	०.०४	११७	०.०१	७२२	०.०३
५४	भुजेल	१३०८६	०.०४	७११३	०.१४	७१६	०.०१	२५८७	०.०४	२५१५	०.१०	९८	०.००			५४	०.००
५५	भोटे	१२८९५	०.०४	४६०३	०.०९			१५४४	०.०३	१८१	०.०१			५६३६	०.३३	९३०	०.०३
५६	दरई	१२१५६	०.०४	५४	०.००	१५	०.००	७५७३	०.१२	४३३८	०.१८	१६७	०.००				
५७	याम्फु/याम्फे	१०७४४	०.०४	१०४७६	०.२१			२६१	०.००								
५८	नाछिरिङ	९९०६	०.०३	९३१४	०.१९			५७४	०.०१							१२	०.००
५९	ह्योल्मो/योल्मो	९६५८	०.०३	७९९	०.०२			८२५१	०.१३	६०२	०.०२						
६०	दुमी	८६३८	०.०३	७५४२	०.१५	४११	०.०१	५९४	०.०१	४५	०.००	२९	०.००			१७	०.००

क्र.स.	मातृभाषा	नेपालको जनसङ्ख्या	प्रतिशत	कोशी प्रदेश, जनसङ्ख्या	कोशी %	मधेश प्रदेश, जनसङ्ख्या	मधेश %	बागमती प्रदेश, जनसङ्ख्या	बागमती %	गण्डकी प्रदेश, जनसङ्ख्या	गण्डकी %	लुम्बिनी प्रदेश, जनसङ्ख्या	लुम्बिनी %	कर्णाली प्रदेश, जनसङ्ख्या	कर्णाली, %	सुदूरपश्चिम प्रदेश, जनसङ्ख्या	सुदूरपश्चिम, %
६१	जुम्ली	८३३८	०.०३	३९	०.००			२०	०.००			३२८	०.०१	५२५९	०.३१	२६८८	०.१०
६२	बोटे	७६८७	०.०३	२७६	०.०१	१८०	०.००	२८७१	०.०५	२५१२	०.१०	६५२	०.०१	१०८६	०.०६	११०	०.००
६३	मेवाहाङ	७४२८	०.०३	७२०३	०.१५			१७६	०.००							३४	०.००
६४	पुमा	६७६३	०.०२	६५६५	०.१३			१६८	०.००	१८	०.००						
६५	पहरी	५९४६	०.०२			१५०	०.००	५५६२	०.०९	२२	०.००	१५	०.००			१९३	०.०१
६६	आठपहरिया	५५८०	०.०२	५४५९	०.११			९५	०.००								
६७	दुङमाली	५४०३	०.०२	५३०१	०.११			८६	०.००							१३	०.००
६८	जिरेल	५१६७	०.०२	२४	०.००	५८	०.००	५०२६	०.०८	४८	०.००						
६९	तिब्बती	५०५३	०.०२	१९५	०.००	१५	०.००	३५८४	०.०६	१०५१	०.०४	२६	०.००	५७	०.००	१२५	०.००
७०	दैलेखी	४९८९	०.०२			२३	०.००					६२२	०.०१	३६६	०.०२	३९७१	०.१५
७१	चुम/नुब्री	४२८४	०.०१					२२९	०.००	४०५२	०.१६						
७२	छुन्त्याल	४२८२	०.०१	२७	०.००			५५६	०.०१	३०९२	०.१३	५३३	०.०१	७०	०.००		
७३	राजी	४२४७	०.०१	४२	०.००			३२	०.००			७४३	०.०१	९९३	०.०६	२४३७	०.०९
७४	थकाली	४२२०	०.०१	११	०.००			१५१७	०.०२	२२५२	०.०९	३७२	०.०१	३१	०.००	३५	०.००
७५	मेचे	४२०३	०.०१	४१५३	०.०८			२९	०.००							११	०.००
७६	कोयी	४१५२	०.०१	४०१३	०.०८			१२८	०.००	१०	०.००						

क्र.स.	मातृभाषा	नेपालको जनसङ्ख्या	प्रतिशत	कोशी प्रदेश, जनसङ्ख्या	कोशी %	मधेश प्रदेश, जनसङ्ख्या	मधेश %	बागमती प्रदेश, जनसङ्ख्या	बागमती %	गण्डकी प्रदेश, जनसङ्ख्या	गण्डकी %	लुम्बिनी प्रदेश, जनसङ्ख्या	लुम्बिनी %	कर्णाली प्रदेश, जनसङ्ख्या	कर्णाली, %	सुदूरपश्चिम प्रदेश, जनसङ्ख्या	सुदूरपश्चिम, %
७७	लोहोरूङ	३८८४	०.०१	३६४२	०.०७			२०१	०.००	२१	०.००					१४	०.००
७८	केवरत	३४६९	०.०१	३४५८	०.०७			११	०.००								
७९	डोल्पाली	३२४४	०.०१					८१	०.००	११०	०.००			३०४८	०.१८		
८०	डोने	३१००	०.०१	११३७	०.०२			१९६३	०.०३								
८१	मुगाली	२८३४	०.०१	५९८	०.०१			२६३	०.००			१३४	०.००	१७२४	०.१०	११५	०.००
८२	जेरो/जेरूङ	२८१७	०.०१	२५६४	०.०५	४०	०.००	२०६	०.००								
८३	कर्मारोङ	२६१९	०.०१					१३६	०.००					२४८३	०.१५		
८४	छिन्ताङ	२५६४	०.०१	२५२९	०.०५			२३	०.००	११	०.००						
८५	ल्होपा	२३४८	०.०१	१२	०.००			५०	०.००	२२०२	०.०९					७४	०.००
८६	लाप्चा	२२४०	०.०१	२१३०	०.०४			८३	०.००	११	०.००						
८७	मुन्डा/मुडियारी	२१०७	०.०१	२१००	०.०४												
८८	मनाङे	२०२२	०.०१	१८१	०.००			८८४	०.०१	९५१	०.०४						
८९	छिलिङ	२०११	०.०१	१६२७	०.०३			१७५	०.००	१३	०.००			८१	०.००	१११	०.००
९०	दुरा	१९९१	०.०१	५५	०.००			५१९	०.०१	१३३७	०.०५					६१	०.००
९१	तिलुङ	१९६९	०.०१	१७५२	०.०४	३६	०.००	१७१	०.००								
९२	साङ्केतिक भाषा	१७८४	०.०१	६२४	०.०१	६३	०.००	३४८	०.०१	३१६	०.०१	२४१	०.००	५८	०.००	१३४	०.००

क्र.स.	मातृभाषा	नेपालको जनसङ्ख्या	प्रतिशत	कोशी प्रदेश, जनसङ्ख्या	कोशी %	मधेश प्रदेश, जनसङ्ख्या	मधेश %	बागमती प्रदेश, जनसङ्ख्या	बागमती %	गण्डकी प्रदेश, जनसङ्ख्या	गण्डकी %	लुम्बिनी प्रदेश, जनसङ्ख्या	लुम्बिनी %	कर्णाली प्रदेश, जनसङ्ख्या	कर्णाली, %	सुदूरपश्चिम प्रदेश, जनसङ्ख्या	सुदूरपश्चिम, %
९३	व्याँसी	१७०६	०.०१	२९	०.००			८१	०.००					३८०	०.०२	१२१५	०.०५
९४	बालकुरा/बराम	१५३९	०.०१					२४५	०.००	१२८७	०.०५						
९५	बारागुङवा	१५३६	०.०१							१५३६	०.०६						
९६	साद्री	१३४७	०	१३३५	०.०३												
९७	अङ्ग्रेजी	१३२३	०	१५२	०.००	४५	०.००	७३३	०.०१	१६६	०.०१	१२१	०.००	१६	०.००	९०	०.००
९८	मगर काइके	१२२५	०	५९	०.००			४१	०.००			३३	०.००	९५८	०.०६	१२९	०.००
९९	सोनहा	११८२	०					१३	०.००			९७३	०.०२			१८६	०.०१
१००	हायु/वायु	११३३	०	६३	०.००	१४१	०.००	७८२	०.०१	१६	०.००	१२५	०.००				
१०१	किसान	१००४	०	९९८	०.०२												
१०२	पन्जाबी	८७१	०	४५	०.००	१०४	०.००	३२८	०.०१	३६	०.००	२२५	०.००			१३०	०.००
१०३	धुलेली	७८६	०	१०	०.००			१२	०.००			१३	०.००			७३४	०.०३
१०४	खाम्ची(राउटे)	७४१	०											३२४	०.०२	४१७	०.०२
१०५	लुङखिम	७०२	०	६९३	०.०१												
१०६	लोवा	६२४	०							६२३	०.०३						
१०७	कागते	६११	०	२५	०.००			३६८	०.०१			२१३	०.००				
१०८	वालिङ/वालुङ	५४५	०	२७४	०.०१			१९१	०.००							६८	०.००

क्र.स.	मातृभाषा	नेपालको जनसङ्ख्या	प्रतिशत	कोशी प्रदेश, जनसङ्ख्या	कोशी %	मधेश प्रदेश, जनसङ्ख्या	मधेश %	बागमती प्रदेश, जनसङ्ख्या	बागमती %	गण्डकी प्रदेश, जनसङ्ख्या	गण्डकी %	लुम्बिनी प्रदेश, जनसङ्ख्या	लुम्बिनी %	कर्णाली प्रदेश, जनसङ्ख्या	कर्णाली, %	सुदूरपश्चिम प्रदेश, जनसङ्ख्या	सुदूरपश्चिम, %
१०९	नार-फु	४२८	०					२३	०.००	४०१	०.०२						
११०	ल्होमी	४१३	०	१३५	०.००			२७१	०.००								
१११	तिछुरोङ पोइके	४१०	०											४१०	०.०२		
११२	कुर्माली	३९७	०	३७७	०.०१			१३	०.००								
११३	कोचे	३३२	०	२१९	०.००	१६	०.००	३८	०.००							५७	०.००
११४	सिन्धी	२९१	०	१९८	०.००	३६	०.००	३९	०.००			१५	०.००				
११५	फाङदुवाली	२४७	०	२३८	०.००												
११६	बेलहारे	१७७	०	१४८	०.००											२०	०.००
११७	सुरेल	१७४	०	२१	०.००			१५२	०.००								
११८	मालपाँडे	१६१	०	१५९	०.००												
११९	खरिया	१३२	०	१३१	०.००												
१२०	सधनी	१२२	०	८२	०.००							३४	०.००				
१२१	हरियान्वी	११४	०	७०	०.००			१८	०.००			१८	०.००				
१२२	साम	१०६	०	९४	०.००												
१२३	बनकरिया	८६	०					६२	०.००			११	०.००				
१२४	कुसुन्डा	२३	०									१३	०.००				

क्र.स.	मातृभाषा	नेपालको जनसङ्ख्या	प्रतिशत	कोशी प्रदेश, जनसङ्ख्या	कोशी %	मधेश प्रदेश, जनसङ्ख्या	मधेश %	बागमती प्रदेश, जनसङ्ख्या	बागमती %	गण्डकी प्रदेश, जनसङ्ख्या	गण्डकी %	लुम्बिनी प्रदेश, जनसङ्ख्या	लुम्बिनी %	कर्णाली प्रदेश, जनसङ्ख्या	कर्णाली, %	सुदूरपश्चिम प्रदेश, जनसङ्ख्या	सुदूरपश्चिम, %
	अन्य	४२०१	०.०१	५३६	०.०१	२१५	०.००	२४०१	०.०४	७०३	०.०३	५०३	०.०१	१८३	०.०१	३१६	०.०१
	उल्लेख नभएका	३४६	०	४१	०.००	३१	०.००	५३	०.००	८४	०.००	९०	०.००			४१	०.००

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०



भाषा आयोग

शङ्खमूल, काठमाडौं



फोन नं : ०१-५२४२२३३/ ५२४२०४६/
५२४२२३१

इमेल : languagecommission2016@gmail.com
वेवसाइट : www.languagecommission.gov.np